नेपाल सरकार
गृह मन्त्रालय
जिल्ला प्रशासन कार्यालय
जुम्ला

फोन.नं :०८७-५२००१२
फोन.नं :-०८७-५२०११२
Email: daojumla@gmail.cor

प.सं. २०७८/७९

मिति :२०७८/०९/२७

## जुम्ला जिल्लाका प्रमुख जिल्ला अधिकारीद्धारा जारी आदेशः-

विश्वव्यापी महामारीको रूप लिएको कोरोना भाईरस (COVID-19) तीव्र रूपमा फैलिरहेको अवस्थालाई दृष्टिगत गरी रोकथाम तथा नियन्त्रण सम्बन्धमा कोभिड-१९ संकट व्यवस्थापन समन्वय केन्द्रको सिफारिस तथा नेपाल सरकार २०७८/०९/२६ गते गृह मन्त्रालय (माननीय मन्त्रिस्तर)को निर्णय र जिल्ला कोभिड-१९ संकट व्यवस्थापन केन्द्र (DCMC ) जुम्लाको सिफारिस अनुसार मिति २०७८/०९/२७ गतेको जिल्ला सुरक्षा समितिको बैठकबाट आजको मिति देखि अर्को आदेश नभएको सम्मका लागि कोभिड संकट व्यवस्थापन अध्यादेश,२०७८ को दफा ४ र स्थानीय प्रशासन ऐन, २०२८ को दफा ६ को उपदफा ३ ले दिईएको अधिकार प्रयोग गरी जुम्ला जिल्लाभर तपसिल बमोजिमका गतिविधि संचालन गर्न सकिने/नसकिने निर्णय भएको व्यहोरा सम्बन्धीत सबैको जानकारीको लागि सूचित गरिन्छ ।

तपसिलः-

१. सार्वजनिक स्थलमा सबै प्रकारका राजनीतिक तथा धेरै जना उपस्थित हुने गरी प्रशासनिक सामाजिक एंव त्यही प्रकृतिको कार्यक्रम नगर्ने ।
२. अत्यावश्यक नियमित कार्यक्रमको हकमा स्थानीय प्रशासनको अनुमति लिएर मात्र गर्ने ।
३. सार्वजनिक स्थलहरूमा २५ जना भन्दा बढी भेला हुने गरी मेला, भेला तथा महोत्सव आयोजना नगर्ने ।
४. यहि माघ ७ गते देखि लागु हुने गरी सार्वजनिक स्थानहरू (कार्यालय,होटल,रेष्टुरेन्ट,सार्वजनिक यातायत र बैंक तथा वित्तीय संस्था आदिमा) प्रवेश गर्दा अनिवार्य रूपमा कोभिड विरूद्धको खोप लगाएको कार्ड (मोबाईलमा फोटो भए पनि हुने) साथमा र सम्बन्धित निकायहरूले खोप कार्ड हेरेरमात्र प्रवेश दिने व्यवस्था मिलाउने ।
५. माघ ७ गते देखि सार्वजनिक सेवा प्राप्त गर्न खोप कार्ड अनिवार्य हुने ।

***यस आदेशको अवज्ञा भएको पाईएमा कोभिड -१९ व्यवस्थापन अध्यादेश,२०७८ बमोजिम कारवाही हुने छ ।***

..........................
विजया कुमारी प्रसाई
प्रमुख जिल्ला अधिकारी